# मिति २०८०/०३/०७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. १

यस उप-महानगरपालिकाको आ.व. २०८०/८१ का लागि श्रीमान नगर प्रमुख ज्युबाट प्रस्तुत हुने नीति तथा कार्यक्रमहरु स्वीकृतीका लागि नेपालगंज उप-महानगरपालिका नगरसभाको १३ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ का अनुसार यस नेपालगंज उप-महानगरपालिकाको आ.व. २०८०/८१ का लागि श्रीमान नगर उप-प्रमुख ज्युबाट प्रस्तुत हुने राजश्व र व्ययको अनुमान स्वीकृतीका लागि नेपालगंज उप-महानगरपालिका नगरसभाको १३ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस नेपालगंज उप-महानगरपालिकाको आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० स्वीकृतीका लागि नेपालगंज उप-महानगरपालिका नगरसभाको १३ औ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

यस नेपालगंज उप-महानगरपालिका अन्तर्गत वडा नं. २० मा रहेको खानेपानी उपभोक्ता समितिको विद्युत वापतको तिर्नुपर्ने रकम रु.१५०००० (एक लाख पचास हजार मात्र) सो समितिको संचालनमा रहेको मर्मत कार्यक्रमबाट बचत भएको रमकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

यस उप-महानगरपालिकाको चालु आ.व. २०७९/८० मा बजेट शिर्षक बजारका मुख्य चोकहरुमा स्वच्छ पिउनेपानी व्यवस्थापन कार्यक्रम भनि विनियोजन भएकोमा यस उप-महानगरपालिका क्षेत्रमा अत्याधिक गर्मी हुने भएकाले बजारका मूख्य चोकहरुमा चिसो खानेपानीको व्यवस्थापन गर्नका लागी बजेट अपुगका कारण हाललाई तपशिलका स्थानहरुमा मात्र जडान गर्ने निर्णय गरियो ।

तपसिल

१. ०४ नं. वडा कार्यालय
२. भेरी अस्पताल
३. त्रिभुवन चोक
४. राँझा चोक

निर्णय नं. ६

यस नेपालगंज उप-महानगरपालिका क्षेत्रभित्र निर्माण भएका पुराना घरहरु प्रमाणितका लागि अन्तिम पटक आ.व. २०८०/८१ को ३ (तिन) महिनासम्म नियमित दस्तुर लिई प्रमाणित गर्ने निर्णय गरियो ।

CamScanner

## मिति २०८०/०३/०७ गतेको नगरकार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ७

यस नेपालगंज उप-महानगरपालिकामा दर्ता भएका "घ" वर्गका निर्माण व्यवसायीहरुको ईजाजत नविकरण गर्दा आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिना भित्र नविकरण गरेमा दस्तुर रु.५००० (पाँच हजार मात्र) र चैत्र मसान्त सम्म गरेमा रु.१०००० (दश हजार मात्र) र त्यसपछि प्रतिवर्ष थप रु.१०००० (दश हजार) लिने निर्णय गरियो ।